# ज्ञानज्योति

आध्यात्मिक तथा नैतिक जागृतिका लागि समर्पित

वर्ष : १७ अंक : ०३ | मासिक | २०७३ आश्विन


## विजया दशमी

ब्रह्माकुमारी सरिता, लक्ष्मीपुर, चितवन

जब-जब सृष्टिमा असत्य र अधर्मको राज्य चल्छ तब-तब परमात्मा आएर सत्य धर्मको स्थापना गर्नुहुन्छ । कल्याणकारी परमात्मा यस धरामा आई समस्त मानवमात्रको उद्धार गर्नुहुन्छ अर्थात् तमोप्रधानबाट सतोप्रधान बनाउने दिव्य अलौकिक कर्तव्य गर्नुहुन्छ । यही परमात्माको दिव्य अलौकिक कर्तव्यहरूको पुनीत स्मृतिमा यहाँ विभिन्न चाड पर्वहरू मनाइन्छन्, तर अज्ञानतावश यस युगमा भगवान्को दिव्य सन्देशलाई सबैले बुझ्नसकेको छैन । रीति रिवाज वा केवल परम्पराको रूपमा मात्र चाडपर्व मनाइन्छ । जसकारण मानवको आध्यात्मिक पतन हुनपुगेको हो ।

आश्विन शुक्ल प्रतिपदादेखि लिएर नवमीसम्म नवरात्रि पर्व भक्तिभाव र उत्साहसँग मनाइसकेपछि दशमीको दिनलाई हामी विजया दशमीको रूपमा मनाउँदै आएका छौं । आध्यात्मिक र थुप्रै धार्मिक महत्त्व बोकेको यो विजया दशमी एउटा सर्वोच्च र सर्वोत्तम पर्व हो ।

अत्यन्तै हर्षोल्लासको साथमा मनाइने यस विजया दशमीको हर दिन प्रेरणादायी हुन्छन् । यसबेला प्रकृति पनि सुन्दर रहन्छ । वर्षा सकिएर चारैतिर सफा र स्वच्छ अनि एकदम शीतल मौसम (सदाबहार) रहन्छ । यसबेला कतै चङ्गा चेटको रमणीयता त कतै पिङ्ग मच्चिरहेको आनन्द अनि कतै शक्ति पूजनको रौनक त कतै आफन्तहरूको मङ्गल मिलनको सुन्दर क्षणले सबै अपार खुसीमा रमाइरहेका हुन्छन् । शुभकामना आदान प्रदान गर्दै स्वादिष्ट भोजनको स्वादमा प्रियजनको आपसी स्नेहको क्षण अत्यन्तै प्रभावशाली हुन्छ । सबै आफ्ना मान्यजन र प्रियजनको हातबाट टीका थापी आशीर्वाद लिई असीम खुशी र रमाइलोसँग यस विजया दशमीलाई मनाइने गरिन्छ ।

विजया दशमी पर्व केवल सामाजिक र सांस्कृतिक धरोहरमात्र नभई यो एउटा धार्मिक पर्व पनि हो । यसभित्र अनेकौं धार्मिक रहस्य लुकेका छन् । वास्तवमा विजया दशमी असत्यमाथि सत्यको जित, तामसिकता माथि सात्विकताको जित, आसुरी शक्तिमाथि दैवी शक्तिको र रावणमाथि रामको विजयको प्रतीक पर्व हो । दश टाउको भएको दशानन रावणको संहार गरी विजय प्राप्त गरेको विजय उत्सवको विशेष पर्व विजय दशमी हो भन्ने मान्यताको साथ मनाइन्छ । भनिन्छ रावण लङ्काको अधिपति ठूलो विद्वान् र ऋषिपुत्र भएर पनि असुर दानव

......पेज ७मा



**काठमाण्डौ** : सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीलाई रक्षाबन्धन बाँध्नुहुँदै ब्रह्माकुमारी राजयोग सेवाकेन्द्र नेपालका निर्देशक राजयोगिनी राज दिदी ।



**विराटनगर** : रक्षाबन्धनपश्चात् ग्रुप फोटोमा पुनरावेदन अदालतका निमित्त प्रमुख माननीय न्यायाधीश विदुर विक्रम थापा, माननीय न्यायाधीश शिवराज जोशी, ब्र.कु. गीता दिदी तथा अन्य ।



**दार्जीलिंग** : एमएलए अमरसिंह राइलाई रक्षाबन्धनपश्चात् ईश्वरीय उपहार प्रदान गर्नुहुँदै ब्र.कु. मुना, ब्र.कु. रोहित तथा अन्य ।



**धनकुटा** : प्रमुख जिल्ला अधिकारी प्रेमप्रकाश उप्रेतीलाई रक्षाबन्धन बाँध्नुहुँदै ब्र.कु. निर्मला ।



**धरान** : गुल्मपति हिरण प्रसाद यादवलाई राखी बाँध्नुहुँदै ब्र.क. नानी मैया ।



**नारायणगढ** : माननीय भूमिसुधार तथा व्यवस्था मन्त्री विक्रम पाण्डेलाई रक्षाबन्धनपश्चात् ईश्वरीय उपहार प्रदान गर्नुहुँदै ब्र.कु. अम्बिका साथमा ब्र.कु. अर्जुन, समाजसेवी ओम् गौचन तथा अन्य ।



**हेटौंडा** : पुनरावेदन अदालतका माननीय न्यायाधीश नरेन्द्रलाल कर्णलाई राखी बाँध्नुहुँदै ब्र.कु. सुशीला दिदी ।



**नारायणगढ** : प्रमुख जिल्ला अधिकारी विनोद प्रकाश सिंहलाई रक्षाबन्धन बाँध्नुहुँदै ब्र.कु. लक्ष्मी दिदी ।



**सातदोबाटो** : पूर्व प्रधान सेनापति रुक्माङ्गद कटवाललाई रक्षाबन्धन बाँध्नुहुँदै ब्र.कु. कुमारी ।



**राजविराज** : नेपाली सेनाका कर्नेल डम्बर बोहरालाई रक्षाबन्धन बाँध्नुहुँदै ब्र.कु. भगवती ।

जो निमित्त हुन्छन् उनीहरू जिम्मेवारी सम्हाल्दा सम्हाल्दै पनि सदा हल्का रहन्छन् । — शिवबाबा

# शिव भगवानुवाच

*ज्ञानद्वारा आफ्नो कमजोर संस्कारको बारेमा थाहा त हुन्छ तर जब त्यस कुराको ज्ञान मिल्छ, ती संस्कार केही समयको लागि भित्र त दब्दछन्, कमजोर संस्कार समाप्त गर्नको लागि लाइट र माइटको अतिरिक्त बलको आवश्यकता पर्छ । यसको लागि मास्टर सर्वशक्तिवान्, मास्टर नलेजफुलको साथ–साथै चेकिंग मास्टर पनि बन । ज्ञानद्वारा स्वयंमा शक्ति भर । मनन शक्तिलाई बढायौ भने शक्ति सम्पन्न बन्छौ ।*

# सम्पादकीय

## सफल पारौं

जीवनमा सफल हुन खोज्नु नैसर्गिक स्वभाव हो मानवको । सफलताका अनेकौं नियमहरू मध्ये एक हो आफूसँग भएका सम्पूर्ण वस्तुहरूलाई सफल गर्नु । समान वस्तुले आफू समानको वस्तुलाई स्वत: आफूतिर आकर्षण गर्नु रहस्यमय सूत्र हो सफलताका लागि । यही नियमलाई मध्य नजर राखेर आफूसँग भएका हरेक वस्तुलाई सदुपयोग गर्दै जाऔं । सफल गर्दै जाऔं । हामी स्वत: हल्का हुन थाल्दछौं । डिजिटलको युगमा अब समान बोकिरहन सम्भव देखिँदैन । पर्समा भएको रकम पनि भारी हुन थालिसक्यो भाग दौडको यो युगमा । जति सक्छौं हल्का हुने स्वभावले जीवन यात्रालाई सहज बनाउँदछ ।

आध्यात्मिक दृष्टिकोणमा आत्मा यात्री हो, यो शरीरलाई छोडेर अर्को जन्ममा यसलाई नयाँ शरीर धारण गरेर फेरि पनि आफ्नो भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । बुद्धिमत्ता यसैमा छ– संगृहीत वस्तुलाई सफल गरेर पुण्य एकत्रित गरौं । सुन, चाँदी, करेन्सी आदि आत्माले उठाउन सक्दैन यसर्थ सुन, चाँदी, करेन्सी धनलाई श्रेष्ठ कार्यमा लगाएर यसलाई पुण्य कार्यमा एकत्रित गरौं । आशीर्वाद, पुण्य भन्ने कुरा सदैव आफैंमा हल्का हुन्छ जसलाई आत्माले उठाउन सक्छ एवम् साथमा लिएर जान सक्छ ।

आजभोलि कम्प्युटरद्धारा सन्देश पठाउन पऱ्यो भने कम्प्यूटरले अक्षर वा चित्रलाई तरंगमा परिवर्तन गर्छ र सूक्ष्म तरंग अर्को कम्प्यूटरमा पुग्ना साथ पुन: अक्षरमा वा दृश्यमा परिवर्तन हुन्छ । यसैप्रकार यो शरीरद्धारा हामीले कमायौं, आर्जित गऱ्यौं, संग्रह गऱ्यौं । यदि यसलाई ईश्वरीय कार्यमा लगायौं भने हाम्रो स्थूल आर्जन पनि आध्यात्मिक तरंगमा परिवर्तन हुन्छ र अर्को जन्ममा नयाँ शरीर प्राप्त हुन्छ र साथमा कयौं गुणा सुख, साधन, सामाग्री बनेर हामीलाई प्राप्त हुन्छ ।

यदि कुनै बीजलाई संग्रह गर्दा त्यसलाई रोपिएन भने प्रत्यक्षरूपमा नोक्सानी हुन्छ । एक त बीज नष्ट भयो, अर्को त्यसबाट फल्ने फलबाट मनुष्य वञ्चित हुनपुग्दछ, मानिससँग तन, मन, धन जति पनि शक्तिहरू छन् यी पनि सूक्ष्म बीजहरू हुन् । यी शक्तिहरूलाई ईश्वरीय कार्यमा लगाइदिएर यी बीजहरूबाट पदम गुणा भाग्य बनाउन सकिन्छ । नत्रभने मानवीय भौतिक शक्तिहरूले मनलाई उल्झनमा पार्छन्, समय आउँदा छुट्न पुग्छन्, र यसबाट हुने पदमगुणा प्राप्तिमा वञ्चित हुन पुग्दछ । अत: संग्रह होइन, सफल गरौं । सफलताको अर्थ हुन्छ फलसहित । हामी जुन कुरा सेवामा लगाउँछौं त्यही कुरा फल सहित हामीलाई प्राप्त हुन्छ । सफल गर्नु भनेको पाउनु हो, संग्रह गर्नु भनेको गुमाउनु हो ।

जुन कुरा हामी संग्रह गर्दै जान्छौं, आवश्यकताभन्दा बढी जोड्दै जान्छौं, धेरै बैंक ब्यालेन्स राख्छौं, घरका कुना कुनामा अनेकौ प्रकारका महंगा सर सामानले वस्तुहरूलाई भर्न थाल्दछौं, जसमा ममत्व भरिएको हुन्छ ती कुराहरूले बुद्धिको स्मृतिलाई चारैतर्फबाट घेरेर हामीलाई स्मृतिस्वरूप बन्न दिदैन ।

जसरी कुनै सि.डि. चक्काको योग्यता चार लाख शब्दको छ र त्यसमा तीन लाख कुराहरू व्यर्थ भरिएका छन् भने कामको कुरा केवल एक चौथाईमात्र हुन्छ । यसैगरी बुद्धिरूपी भी.सि.डी.मा पनि आधुनिक, विलासिता जस्ता कुराले एक तिहाई हिस्सा भरिएका छन् भने ज्ञानका, आध्यात्मिकताका, ईश्वरीय कार्यका, श्रीमतका कुरा बुद्धिमा कसरी भरिन सक्छन् होला र ?

यही गतिमा नश्वर वस्तुहरूमा मेरो-मेरो हुने हो भने प्यारो बाबालाई मेरो भनेर कसरी स्वीकार गर्न सकिएला ? भगवान्को अति सूक्ष्म स्वरूपलाई मेरो भन्ने मेहनत बुद्धिले किन गर्ने ? दैत्याकार स्थूल वस्तु नै प्रिय हुन लाग्यो भने सूक्ष्माकार निराकार कसरी प्रिय लाग्ला ?

यसर्थ समझदार व्यक्तिले दैत्याकार कलियुगी वस्तुबाट ममत्व निकालेर अर्थात् स्थूल आँखालाई प्रभाव पार्ने चमकदार, लोभ लाग्दा चीजहरूबाट ममत्व निकालेर, वास्तविक सुन्दरताका मालिक सत्यम्, शिवम् सुन्दरम्मा मन लगाउनु पर्छ । बुद्धिरूपी भि.सि.डी.मा जति मात्रामा संग्रह अनि संग्रहप्रतिको ममत्व निकाल्दै जान्छौ, त्यति नै भगवान्प्रति प्रेम बस्न थाल्दछ ।

अन्तत: हामी हाम्रो स्वाभाविकता तर्फ फर्कनु पर्छ नै । फगत स्वयम् वा समयले बन्ने कुरा हो । समय बलवान् छ । कसैलाई छाड्ने छैन । समयको मागलाई ख्याल गर्दै अब हामीसँग भएका सम्पूर्ण वस्तु र वैभवलाई सफल गर्दै जाऔं । सफलताका लागि सफल भन्ने मन्त्रलाई स्वीकार गरौं ।

– ब्रह्माकुमार विजयराज सिग्देल

# आनन्दको खोजी

ब्रह्माकुमारी सरु, भरतपुर, टाउन

जीवन र जगत्का बारेमा बुझ्ने कोसिस गर्दा मानव, अविरल रूपमा एक प्रकारको खोजमा तल्लीन रहेको पाइन्छ ।

क्षणिक प्राप्तिबाट केही खुसी भए पनि जीवनको लामो यात्रामा अधुरो तृष्णाले गर्दा पुन: खोजीमा नै जुट्न पुग्दछ, दौडाइ निरन्तर रहिरहन्छ । कहिले काहीं लक्ष्य भ्रमित भएको बटुवा कहाँ जाँदैछु भन्ने बिर्सिएर पनि हिँडिरहेजस्तै जीवनरूपी यात्रामा केही पाइरहेको पनि हुन्छ, केही गुमाइरहेको पनि हुन्छ तर केका लागि, कसका लागि दौडिरहेको छु, वास्तवमा म को हुँ ? सहीरूपमा कहाँको वासी हुँ ? भन्ने ज्ञानको कमीले गर्दा जीवन वास्तविक लक्ष्यबाट विमुख हुने गरेको छ ।

जसरी एउटा भरखर रोपेको बीजलाई उम्रिएर फल देओस् यसका लागि आवश्यक समयसम्म पर्खिनुपर्दछ । साथै पानी तथा मलको आवश्यकता वृक्षको जरामा पर्दछ । यस्तै जीवनरूपी वृक्षलाई फलिभूत बनाउनका लागि पनि के कुराको खोजी गर्दैछु ? भन्ने कुराको स्पष्ट ज्ञानको खाँचो पर्छ ।

जुन कुराका लागि मानिसले जीवनरूपी वृक्षको पातमा अर्थात् भौतिकताको साधन सामग्री सम्बन्धको संग्रह त गर्दछ तर वास्तविक खोज आनन्द प्राप्तिको अनुभूति गर्न नभ्याउँदै जीवन वृक्ष सुकेर जान्छ ।

जीवनलाई आनन्दमय बनाउनका लागि आवश्यक जलमल त वास्तवमा अध्यात्मिक ज्ञानको प्रकाश हो । आध्यात्मिक ज्ञान अर्थात् जसले आत्मा परमात्मा र सृष्टि जगत्का विषयमा स्पष्ट पार्दछ । आध्यात्मिक ज्ञानले आत्मा परमात्माको सन्तान हो जसले सृष्टिमा श्रेष्ठ कर्म गरेर पुण्य प्राप्ति गर्नुपर्छ भन्ने लक्ष्य निर्धारण गर्न मार्गनिर्देशन गर्छ ।

हाम्रो चिन्तनको दर्पण नै चेहरा हो । जब स्वचिन्तन, श्रेष्ठ चिन्तन र शुभ चिन्तनले मन भरिन्छ तब हाम्रो चेहरामा आनन्दका लहरहरू लहराउँछन् । जब मानव निन्दा-स्तुति, मान, अपमान जय पराजय सुख दु:ख हर परिस्थितिमा एकसमान रहन्छ तब नै सच्चा आनन्दको अनुभूति गर्न सक्छ ।

आनन्दरूपी विरुवालाई व्यर्थ चिन्तन र परचिन्तनले नष्ट पारिदिन्छ, ईर्ष्या अहंकारले जलाइदिन्छ । घृणा, मोहका कारण फलिभूत हुन पाउँदैन । त्यस्ता दुर्गुणहरूबाट सदा टाढा रहनु राम्रो हुन्छ ।

सच्चा सुख र आनन्द प्राप्तिका लागि हामीलाई परमात्माबाट दिनहुँ जुन ईश्वरीय मार्ग दर्शन मिलिरहेको छ । त्यसको श्रवण चिन्तनमा रहने गऱ्यौं भने सदा आनन्दको अनुभूति गर्न सकिन्छ ।

# परिकल्पना र परिणाम

ब्रह्माकुमार रामसिंह ऐर, काठमाण्डौ

संसारको इतिहासमा प्रेरणादायी प्रत्येक सफल व्यक्तिहरूले ठूला-ठूला परिकल्पना गरको पाइन्छ । अर्को शब्दमा स्वप्नको संसार निमार्ण गरेको देखिन्छ । स्पप्नको संसारलाई साकार पार्न प्रशस्त परिश्रम गर्नुपर्ने, अनेकौं चुनौतीको सामना गर्नुपर्ने तथा दृढमनोबल र साहसको आवश्यकता पर्दछ । प्रत्येक कुराको योजना र आकार प्रकारको मोडेल मानव मनमा नै पैदा हुन्छ । स्वप्नरूपी चित्रलाई संकल्पमा मात्रै होइन भावनाले पनि गति प्रदान गर्दछ । कुनै पनि पकिल्पनालाई तीव्रगति दिन भावना सशक्त हुनु जरुरी हुन्छ । प्रत्येक व्यक्तिभित्रको परिकल्पनाको शक्ति जन्मसिद्ध उपहारका रूपमा मौजुद हुन्छ, सवाल के मात्र हो भने त्यसको परिणामलाई कसले कति हदसम्म हासिल गर्न सक्दछ त्यो प्रत्येकको पुरुषार्थ र अटुट लगनशीलतामा निर्भर गर्दछ ।

अन्तर जगत्मा उत्पन्न हुने थुप्रै स्वप्न मध्ये कुनैलाई विवेकको कसीमा ठम्याएर प्रमुखता दिई निर्णय लिन सक्नुपर्दछ । केवल परिकल्पनाको भूमरी बनाएर त्यसैमा अल्झिरहनु हुँदैन । अन्यथा संकल्परूपी स्वप्नका अनेक तरङ्ग र दृश्यहरू आफैंमा टक्राउने छन् र एक प्रकारको मानसिक द्वन्द हुनगई कुचक्रको चक्रव्यूहमा फँसिन पुगिने छ । यसका लागि बुद्धि स्वच्छ, शुद्ध र क्षणिक स्वार्थपरक इच्छा, आकांक्षाबाट मुक्त हुनुपर्दछ । तर स्वप्न भने उच्च र विशाल हुनु पर्दछ । परिकल्पना नै सानो स्केलमा छ भने परिणाम झन् सानो हुन जान्छ । पकिल्पनाको कार्ययोजनमा सतत् प्रयासको आवश्यकता पर्दछ । एउटा पर्वतारोहीले सगरमाथाको चुचुरोमा आफू चढेर आफ्नो मुलुकको राष्ट्रिय झण्डा गाडेर फरफराएको दृश्यको चित्र देख्दछ । तर त्यसलाई कार्यरूप दिनुपूर्व उसले प्रशस्त अभ्यास गर्नुपर्दछ । विकट शिखरमा चढ्दा कुन-कुन यन्त्रको सहायता लिनुपर्दछ । त्यसको प्रयोग विधि कस्तो हुन्छ ? कस्तो पोशाक जुत्ता आदि हुनुपर्दछ । यी सबैको प्रशस्त अभ्यास गरेपछि मात्रै फाइनल चढाइमा सफल हुन सकिने अवस्था रहन्छ । साररूपमा भन्दा भविष्यको भिजनलाई निरन्तर बुद्धिरूपी नेत्रले भिजुलाइज गर्दै वर्तमानमा कार्य गर्नुपर्दछ । परिणाम प्राप्ति अघि बीचमा आइपर्ने बाधा-अड्चनसँग आत्तिनु हुँदैन ।

संसारका कुनै पनि क्षेत्रका सफल व्यक्तिहरूको जीवन गाथालाई हेर्दा उहाँहरूले संकल्प, परिकल्पना गरेका कुरालाई साकार गर्न भगीरथ पुरुषार्थ गरेको भेटिन्छ । वैज्ञानिक क्षेत्रका थोमस अल्बा एडिसन हुन् वा अल्वर्ट आइनसटाइन, राजनैतिक क्षेत्रका महात्मा गान्धी हुन् वा नेल्सन मण्डेला । त्यसैगरी धार्मिक क्षेत्रका गौतम बुद्ध तथा जिसस क्राइस्ट वा स्वामी विवेकानन्द आदि । त्यसैगरी प्रजापिता ब्रह्माकुमारी अन्तर्राष्ट्रिय संस्थाका साकार संस्थापक पिता श्री प्रजापिता ब्रह्मा । सबै महान् विभूतिहरूले परिकल्पना गरेको महान् स्वप्नलाई साकार रूप दिन अनेकौं चुनौति, समस्या, बाधा-विरोधको सामना गरेको पाइन्छ । तर उहाँहरूले कहिल्यै पनि त्यस्ता विघ्न, वाधा र वैर विरोधसंग सम्झौता गर्नु भएन । धैर्य, साहस, सकारात्मक सोचका साथ ती कुरालाई शुभ अवसरका रूपमा ग्रहण गरी आफ्नो महान् यात्रालाई निरन्तर जारी राख्नुभयो । महान् स्वप्नलाई कार्यरूप दिँदा डर, भय र धम्कीको वास्ता नगरी वैर विरोध गर्नेप्रति समेत शुभ चिन्तक रही कल्याणकारी भावना राखेर आफ्नो सिद्धान्त र निर्धारण गरेको मार्गमा अग्रगामी रहनुभयो । अन्ततः उहाँहरूको अटुट लगनशीलता, त्याग, तपस्या र समर्पण भावका अगाडि समस्या र परिस्थिति नै नतमस्तक भएर सफलताले चरण चुम्बन गरेको पाइन्छ ।

सबै परिकल्पना र योजनाको आशय मानव जीवनलाई पूर्ण सुख, शान्ति र समृद्धिले भरपुर होस् भन्ने हुन्छ । भौतिकवादी सोचले आध्यात्मिक मूल्य मान्यता आदर्शका कुरामात्रै हुन्, कुनै पनि सफलता र उपलब्धीका लागि लक्ष्य निर्धारण गरी भौतिकरूपमा नै परिश्रम र मेहनत गर्नुपर्दछ भन्ने पक्षमा बल दिन्छ । भौतिक उपलब्धी गर्नु त राम्रो कुरा होइन, सबै मानव जातिले गर्नैपर्दछ । भनाइ यत्तिमात्रै हो कि भौतिक कुराकापछि मरिहत्ते गरेर तिनीहरूको अधीन हुनु हुँदैन । वस्तु, वैभव हाम्रा लागि हुन्, हामी तिनीहरूका लागि होइनौं । यदि आत्म-चेतना, स्वचिन्तन, शाश्वत् मूल्य र गुणहरूको धारणाले मानव स्वयंलाई मूल्यवान् र गुणवान् बनाउँछ भने भौतिक साधन-श्रोतले पनि सेवाधारी बनेर उसलाई सदा सुख दिन्छन् । त्याग, तपस्या र स्वअनुशासित बनी जसले परमात्म-चिन्तनलाई आत्मसात गर्दै इच्छा मात्रम् अविद्याको स्थितिलाई प्राप्त गर्दछ उसलाई भौतिक उपलब्धीहरू स्वतः प्राप्त हुन्छन् । योगबल र पवित्रताको बल सर्व उपलब्धीको सशक्त आधार हो भन्न आपत्ति हुने हुँदैन ।

हाम्रो सोच र परिकल्पनामा आफ्नो मात्रै हीत र समुन्नतिको सङ्कुचित दायरा हुनु हुँदैन । मैले मात्रै पाऊँ, ममात्रै सम्पन्न बन्न सकौं भन्ने सोचभन्दा पनि सबैले बढीभन्दा बढी पाऊन् र भरपूर बनून् । मबाट सबैलाई सुख, शान्ति र सम्मान-सहयोग दिने कार्य हुन सकोस् भन्ने चेतनालाई आत्मसात गरी परिकल्पना गर्नाले परिणाम सोचेभन्दा बढी प्राप्त हुन्छ । प्रसिद्ध सिद्धान्त छ अरूको भलो सोच्ने र गर्नेको सधैं भलो नै भलो हुन्छ । विडम्बना, आधुनिक मानिस भलो, कुभलोको ख्यालै नगरी कार्य गरिरहेको छ । परिणामतः आन्तरिकरूपमा आफूलाई खोखलो महसुस गरिरहेको छ । असन्तुष्टी, अतृप्ति हुनुका साथै मानिसको जीवनमा हर्ष र खुशी गुम्दै गइरहेको छ । यी सबैका हुनुका पछाडि परिकल्पना र संकल्परूपी बीज नै दोषपूर्ण रहेको प्रतीत हुन्छ ।

मूलतः सबैको साझा परिकल्पना सुखद् जीवन पद्धति, सभ्य समाज, सम्पन्न राष्ट्र र वसुदैव कुटुम्बकम्को भावनाले ओतप्रोत संसार देख्ने र बनाउने नै रहन्छ । जहाँसम्म मानिसले स्वच्छ विवेक, सत्य ज्ञानको नेत्रको प्रयोग गर्दछ कोही पनि दुःखी जीवन, असभ्य समाज, विपन्न राष्ट्र तथा लडाईं, युद्ध तथा आतङ्कवादले भयभीत विश्व देख्न चाहँदैन । कतिपय अवस्थामा बाह्य घटना, परिस्थिति र समाचारले अन्तर चेतनालाई प्रभावित गरी उच्च परिकल्पमना गर्ने शक्तिलाई डामाडोल गरिदिन्छ तथा आन्तरिक शक्ति नै क्षीण हुन पुग्दछ । यस अवस्थामा विचार, भावना, वृत्ति र स्मृतिको गुणवत्ता नै निम्न कोटीको हुन्छ जसले गर्दा वचन, कर्म र व्यवहार पनि कटु तथा पीडा दिने खालका हुन्छन् ।




सबैमा हार्दिक आग्रह के छ भने हामी संयुक्त रूपमा यस्तो संसारको परिकल्पना गरौं जहाँ भौतिक विपुलता र प्रचुरता पनि होस् । कसैलाई कुनै पनि प्रकारको वस्तु, वैभवको कमी नहोस् । स्वास्थ्य, सम्पत्ति र सम्बन्ध सम्पन्न र सुमधुर होस् । साथ-साथै प्रत्येक व्यक्ति आध्यात्मिक ज्ञान, गुण र मूल्यले सम्पन्न र सम्पूर्ण होस् । उसको जीवनमा कुनै पनि प्रकारका अवगुण र विकारजन्य दोष न होऊन् । भौतिक सम्पन्नताको मातले मात्तिन नपुगोस् । साथै अध्यात्मिकताका नाममा उदासी, वैरागी, निष्क्रिय, अकर्मण्य र पलायनवादी नहोस् । समाजमा केवल आफ्नो मात्रै वर्चस्व होइन, सबैको हृदय जित्न सक्ने व्यवहार होस् । कहीं कतै हिंसा, हत्या, अनाचार, अत्याचार, पापाचार, अधर्म र कुकर्म भएको सुन्न नपाइयोस् । मानिस जन्मजात सुसंस्कारित र दैवीगुणले सम्पन्न होस् । सर्वाङ्ग सुन्दर तथा जीवन पर्यन्त स्वस्थ एवं दीर्घायू प्राप्त गर्न सकियोस् एवं सबैमा प्रेम, शान्ति र खुसी छाइरहोस् । पशु, पक्षी तथा सबै प्राणीमा समेत हिंसावृति नहोस् । अर्थात् यो संसार स्वर्ग, वैकुण्ठ, पाराडाइज वा हेभिनका रूपमा पुनर्स्थापित होस् । यस्तो बनाउने परिकल्पना र कार्ययोजना साझा रूपमा हुनु जरुरी छ । आध्यात्मिक ज्ञान र राजयोग ध्यानको निरन्तर चिन्तन र अभ्यासबाट स्वयंलाई आन्तरिक रूपमा पवित्र, स्वच्छ, शुद्ध, निर्मल बनाउनु जरुरी छ र यस्तो अभ्यास गर्न कति पनि अल्वेला र आलस्य नगरेमा उल्लिखित परिकल्पनाले अपेक्षाकृत परिणाम प्राप्त गर्न सकिन्छ । यसमा दुई मत छैन । आउनुहोस् यस कार्यमा सबैले हातेमालो गरौं ।

*धर्म पनि भयमा आधारित छ ।* – थोमस हब्स



# सहजन
(Moringa)

**स**हजन, सुजना, सेजन र मुनगा वा मुरुंगा नामले चिनिने अन्यन्त सुन्दर वृक्ष त हो नै अनेक पोषक तत्त्वले भरपूर हुने भएकाले उपयोगी तथा स्वास्थ्यवर्धक पनि हो । मोरिंगा ओलेफेरा वानस्पतिक नाम भएको यो वृक्ष लगभग १० मिटर अग्लो हुन्छ । तर मानिसहरू प्रतिवर्ष यसलाई डेढ-दुई मिटर अग्लो भएपछि काटिदिन्छन् ताकि यसका फल-फूल र पातहरूसम्म हातले सहजै टिप्न सकियोस् । सहजनको वृक्षमा मार्च महिनाको आरम्भमा फूल लाग्दछ र यसै महिनाको अन्त्यसम्म फल पनि लाग्दछ । यसको काँचो हरियो फललाई सर्वाधिक उपयोगमा ल्याइन्छ ।

आयुर्वेदमा ३०० रोगहरूको सहजनबाट उपचार बताइएको छ, तर आधुनिक विज्ञानले यसको पोषक तत्त्वको मात्राको बारेमा खोजेर संसारलाई चकित गरिदिएको छ । यसको फल, हरियो पात र सुकेको पातमा कार्बोहाइड्रेट, प्रोटिन, क्याल्सियम, पोटासियम, आइरन, म्याग्निसियम, विटामिन– ए, सी र बी कम्प्लेक्स प्रचुरमात्रामा पाइन्छ । एक अध्ययनअनुसार यसमा दूधको तुलनामा ४ गुणा क्याल्सियम र दुई गुणा बढी प्रोटिन पाइन्छ । क्षेत्रीय खाद्य अनुसन्धान एवम्




विश्लेषण केन्द्र लखनऊद्वारा सहजनको फल एवम् पातमा गरिएको नयाँ शोधबाट थाहा भएको छ– प्राकृतिक गुणहरूले भरपूर सहजन यति धेरै औषधीय गुणहरूले युक्त छ । त्यसको फलको अचार र चट्नी कति रोगबाट मुक्ति दिलाउनमा सहायक हुन्छ । केही विशेषज्ञहरूका अनुसार यसलाई दुनियाँको सबैभन्दा उपयोगी वृक्ष भन्न सकिन्छ । यसले न केवल कम पानी अवशोषित गर्दछ बरु यसका हाँगा, फूल र पातहरूमा खाद्य तेल, जमिनको ऊर्बरा शक्ति बढाउने मल र पोषक आहार पनि पाइन्छन् ।

यसका फूल, फल र पातमा यति पोषक तत्त्व छन् कि विश्व स्वास्थ्य संगठनको मार्गदर्शनमा दक्षिण अफ्रिकाका कति देशहरूमा कुपोषण पीडितहरूका लागि आहारका रूपमा सहजनको प्रयोग गर्ने सल्लाह दिइन्छ । एकदेख तीन वर्षका बच्चाहरू र गर्भवती र प्रसूती महिला र वृद्धहरूको शारीरिक पोषणका लागि यो वरदान मानिएको छ । गाउँमा पनि क्यान्सर वा पेट आदि शरीरका आभ्यान्तरमा उत्पन्न गाँठा, फोका आदिमा सहजनको जरा, अजवाइन, हिंग र सौंठका साथै काढा बनाएर पिउने प्रचलन छ । यो पनि पाइएको छ– यो काढा साइटिका (खुट्टाको दुखाइ), जोर्नीमा दुखाइ, दम, सुजन, पथरी आदिमा लाभकारी हुन्छ । आज पनि ग्रामीणहरूको यस्तो मान्यता छ– सहजनको प्रयोगले विषाणु जनित रोग चेचक (Small Pox) हुने खतरा टालिन्छ ।

दुनियाँमा करोडौं मानिस भूजललाई पेयजलका रूपमा गर्दछन् । यसमा कति प्रकारका ब्याक्टेरिया हुन्छन् जसकारण मानिसमा विभिन्न प्रकारका जलजनित रोगहरू हुने सम्भावना भइरहन्छ । यी रोगहरूको सबैभन्दा धेरै शिकार बच्चा-बच्चीहरू नै हुन्छन् । यस्तो अवस्थामा सहजनको बीजले पानीलाई शुद्ध गरेर पेयजलका रूपमा प्रयोग गर्न सकिन्छ । क्लियरिंग हाउसका शोध कर्ता र करेन्ट प्रोटोकल्सका लेखक माइकल ली को भनाइ छ– सहजनको वृक्षले पानीलाई सफाइ गरेर दुनियाँमा जलजनित रोगहरूबाट हुने मृत्युमा निकै अंकुश लगाउन सकिन्छ । यसको बीजले केही पनि खर्च नगरिकन सफाइ गर्न सकिन्छ । यसको बीजलाई चूर्णको रूपमा पिँधेर पानीमा मिसाइन्छ । पानीमा घोलेर ब्याक्टेरियारहित बनाइन्छ तर यसले पानीको सान्ध्रतालाई पनि बढाउँदछ जसकारण जीव विज्ञानका हिसाबले मानवीय उपभोगका लागि अधिक योग्य बन्दछ ।

मधेस वा गरम ठाउँमा केही दशकपूर्वसम्म जहजनको वृक्ष प्रायः हर गाउँमा सहजै पाइन्थ्यो तर आज यसको संरक्षणको आवश्यकताको अनुभव गरिएको छ । यो वृक्ष विरल हुँदै जानुको कारण यो हो– यसमा भूली नामक एउटा झुसुले कीरा हुन्छ, जुनबाट अत्यन्त खतरानाक त्वचा एलर्जी हुन्छ । यसै डरले गाउँलेहरूले यस वृक्षलाई नष्ट गरिदिन्छन् । एकातिर विशेषज्ञ यसलाई भूली कीराबाट मुक्त गर्ने खोजीमा लागेका छन् भने अर्कोतिर सहजनको वर्षमा दुई पटक फल्नेवाला वार्षिक प्रभेद तयार गरेका छन्, जसबाट धेरै फलको प्राप्ति हास् ।

वर्तमानमा फिलिपिन्स, मैक्सिको, श्रीलंका, मलेसिया आदि देशहरूमा पनि सहजनको धेरै माग छ ।

दक्षिण भारतीयहरू यसको फूल, पातको उपयोग विभिन्न प्रकारको व्यञ्जनमा वर्षभरी प्रयोग गर्छन् ।

यस वृक्षका सबै भागहरूको उपयोग विभिन्न कार्यमा गरिन्छ ।

सहजनको बीजबाट तेल निकालिन्छ र बोक्रा, पात, जरा, आदिबाट आयुर्वेदिक औषधी तयार गरिन्छ ।

यसमा दूधको तुलानामा ४ गुणा क्याल्सियम र दुई गुणा प्रोटिन पाइन्छ ।

सहजनको बीजबाट पानीलाई निकै शुद्ध गरेर पेयजलका रूपमा प्रयोग गर्न सकिन्छ ।

साभार, Net: http://www.abhivyakti-hindi.org/ss/2010/sahjan.htm

# विजया दशमी मनाऔं

**न** हिन्दू, न मुस्लिम, न ईशाई, म त हुँ पवित्र आत्मा ।
हुनुहुन्छ मेरो पारलौकिक पिता, स्वयम् शिव परमात्मा ।

छ बस्नु मलाई संगम युग भरि, सधैँ उनको साथमा ।
चम्काउन जीवन हिराजस्तै, छ वरदान आफ्नै हातमा ।

गरेपश्चात् साप्ताहिक कोर्ष, भएछ जीवन फूलपाती ।
जलाउँदै परमात्मा यादमा भित्रका रावण, छु बन्दै जाती ।

हटेछ अब विवेकमा हाम्रो, अज्ञानताको अन्धकार राती ।
दिइरहेछ शक्ति सर्वशक्तिमानले, बनेर प्यारो साथी ।

लिई साथ स्वयम् शिवको ब्रह्माकुमारी, बनि दुर्गा जाग्दैछन् ।
ल्याउन छिट्टै दैवी राज्य, शिव वरदान निरन्तर माग्दैछन् ।

बनेर ज्वाला जलाउन रावणहरूलाई, भट्टीमा आफैं पाक्दैछन् ।
एकै हुंकारमा विश्वका रावणहरू, सबैको सामुबाट भाग्दैछन् ।

लगाऔं शुभकार्यमा सधैँभरि, हामीसँग भएको साथको धन ।
हैन म्या-म्या गर्ने पशुलाई, चढाऔं बली आफू भित्रका मैपन ।

मिलेर आशीर्वाद बन्दछ पावन, हजुर हामी सबैको मन ।
छ कर्तव्य गर्न हाम्रो अहिले, समाजको सुन्दर परिवर्तन ।

त्यसैले प्यारा मित्रहरू, राजयोगले जीवनलाई सजाऔं ।
भएर एकजुट सर्वधर्म, एकताको मधुर बिगुल बजाऔं ।

बुझेर समयको मूल्य अब, स्वयम् शिवको झण्डा मुनि आऔं ।
बनाएर विकार मुक्त समाज, अब हामी विजया दशमी मनाऔं ।।

✍ रामकाजी सिमरा, बारा

# सच्चा गीता– १६

कर्मयोगमा रहने कर्मयोगी अर्थात् हरेक कर्म (शरीरजन्य वा मनजन्य) गर्दा उनै परमपिता परमात्मा शिवको स्मरणमा निष्काम कर्म गर्ने स्थिरबुद्धि वाहक आत्मा (पुरुष)लाई कर्मयोगीको संज्ञाले व्याख्या गर्दै दोश्रो अध्यायले साङ्गो-पाङ्गो बुझाइ सकेको छ । यसैले जो पुरुष (आत्मा) मनबाटै (ज्ञानयुक्त) इन्द्रियहरू (ज्ञानेन्द्रिय र कर्मेन्द्रिय)लाई आसक्तिरहित (निष्काम भावले) कर्मेन्द्रियहरूद्वारा कर्मयोगको आचरण गर्दछ ऊ नै श्रेष्ठ (आत्मा, पुरुष) हो ।।३:७।। कर्मयोगी बनी कर्म गर किनकि कर्म नगर्ने (अकर्मी वा नामको संन्यासी) को अपेक्षा कर्म गर्नु श्रेष्ठतम हो, कर्म नगर्नाले शरीर निर्वाह (शरीर यात्रा) पनि सिद्ध बन्दैन ।।३:८।। यज्ञार्थ वा यज्ञको लागि (कर्मयोगी बनी कर्म गरिने कर्ममात्र यज्ञार्थ) गरिने कर्मभन्दा अन्यत्र (शरीरको लागि मात्र गरिने) कर्ममा लाग्ने मानवको कर्म बन्धनमा पर्ने भएकाले आसक्तिरहित बनी यज्ञकै निमित्त कर्म गर ।।३:९।। यज्ञ अर्थ भन्नाले चरु र अग्नि सहितको यज्ञ होइन, कर्मयोगी बनी गरिने शारीरिक, व्यावहारिक र पारमार्थिक कर्मलाईमात्र, जुन कर्मद्वारा सबैको कल्याण समाहित भएको होस् वा व्यापार, नोकरी अध्ययन अध्यापन सबै निष्काम भाव, आसक्ति रहित र फलाशा त्यागी गरिने कर्म सबै यज्ञार्थ हुन् । यसैले ३:९मा अन्यत्रले लोक अर्थ सांसारिक भनी उल्लेख गरियो । ३:९मा उल्लेख यज्ञलाई ३:१०मा विस्तार गर्दै कुन र कस्तो यज्ञ अर्थमा कर्म गर्दामात्र कर्म बन्धनमा नपर्ने हो र बाँकी सबै अन्यत्रको कर्म बनी कर्म बन्धनको बन्दछ । यज्ञलाई विस्तारमा परमपिता परमात्मा शिव भगवानुवाच– सृष्टिको प्रारम्भमा यज्ञ सँग-सँगै मनुष्यादिको सृष्टि गर्दै प्रजापिता ब्रह्माले मनुष्यादि (ब्राह्मण) लाई भन्नुभयो– यज्ञ कर्म गर्दै सबैको (ब्राह्मणहरूको) वृद्धि गर र यस यज्ञबाट सबैलाई आवश्यक सामग्री प्रदान गर्ने वाला होस् । ।।३:१०।। यसै यज्ञद्वारा देवताहरू पञ्च प्रकृतिको उन्नति र ती देवताहरूले तिमीहरूको उन्नति होस् र पारस्परिक सद् भावबाट परम कल्याण होस् ।।३:११।।

सृष्टि गर्ने वा जन्म दिनेलाई पिताको सम्बोधन पवित्र एवम् उचित देखिन्छ भने पति शब्दले संरक्षक वा सहयोगीको अर्थ लाग्दछ । यस कारण ब्रह्मालाई आदि पिता भनी पुकारिन्छ, आदि पति होइन । जय नामको महाभारत ग्रन्थमा श्लोकको संख्या थप गर्ने क्रममा प्रजापितालाई प्रजापति लेखिन पुगेको देखिन्छ ३:१०को श्लोकमा ।

कर्म कर्तव्यरूपी यज्ञबाट पुष्ट भएका देवता (पञ्च प्रकृति)ले प्रजालाई कर्तव्य पालनको आवश्यक सामग्री दिदै रहोस्, यस प्रकार ती देवताहरूले दिएका सामाग्री सबैको सेवार्थ नलगाइकन जसले स्वयं उपभोग गर्छ ऊ चोर हो ।।३:१२।। यज्ञशेषको उपयोगी श्रेष्ठ मनुष्य सम्पूर्ण पापबाट मुक्त बन्दछ, तर जो इन्द्रिय तृप्ती अर्थ उपभोग गर्दछ ती पापीहरूले पापको नै भक्षण गर्दछन् ।।३:१३।। यस प्रकार यस लोकमा जो मनुष्य प्रचलित सृष्टिचक्रको नियमानुसार नचली इन्द्रियभोगमा रमण गर्ने अघायु (पापमय जीवन बिताउने) संसारमा व्यर्थ नै जिउँदछ । ३:१६। यसको सट्टा जो आत्मारति (आत्मा अभिमानी) छ र आत्मा तृप्ती वा आत्मा सन्तुष्ट छ उसका निमित्त कर्तव्य शेष रहँदैन ।।३:१८।। यसैले आसक्ति रहित नित्य निरन्तर कर्म गर्नाले नै स्थिरबुद्धि पुरुष परम पुरुषलाई प्राप्त गर्दछ ।।३:१९।। जसको उदाहरणार्थ



त्रेतायुगी राजा जनकको दृष्टान्त प्रस्तुत गर्नुहुँदै परमात्मा शिव भगवानुवाच– कर्मयोगद्वारा नै परमसिद्धिलाई प्राप्त गर्ने राजा जनकादि पुरुष जस्तै लोकलाई उदाहरणार्थ हेरी निष्काम भावले कर्म गर्ने अवश्य बन्नु पर्दछ ।।३:२०।।

यस १६औं भागको ३:७देखि ३:२०सम्मका श्लोकबाट प्राप्त ज्ञानको आधारमा कुनै हिंस्रक मानव पनि अहिंस्रक बनी जीवनलाई उच्चता अथवा परिस्कृत वा स्तरोन्नति गरी देहभानबाट देही भानमा जाने बन्दछ भने श्री कृष्णले अर्जुनलाई अहिंस्रक बन्न प्रयत्नरत आत्मालाई १८ अक्षौहिणी सेनाको मृत्युको सम्बाहक रूपी अधम आत्मा बनाएको गीता ज्ञानले एउटा अर्जुनको पनि अकल्याणै भएको पाइयो भने सम्पूर्ण जगतको कल्याण सम्भव कसरी ! सच्चा वा सत्य गीता ज्ञानले मात्र जगतलाई सतोप्रधान वा मुक्ति जीवनमुक्तिमा पुर्‍याउँदछ । अन्यले कसैको कल्याण हुनेवाला छैन र भएको देखिएन पनि । न अर्जुनको, न अर्जुन पछिका कसैको ।

हरेक मानवले आसक्ति रहित, निष्कामी बनी कर्म गर्नुपर्ने हो, जसका लागि आत्मरति, आत्म सन्तुष्टि र आत्मतृप्ति रहन जरुरी हुन्छ, यसको धारणाले मानव देवतुल्य बनी सबैको पुजनीय बन्दछ । श्रेष्ठ मनुष्यको आचरणको अनुसरणले अर्को मानव पनि त्यस्तै आचरणको बन्दछ । श्रेष्ठ मनुष्य बन्ने प्रमाण देखिन्छ ।।३:२१।। श्रेष्ठ वा आदर्शताको अनुशरण लोकले गर्दै जाँदा नै घर, छिमेक, टोल, समाज, देश र विश्व पनि श्रेष्ठ बन्ने हो जसलाई छोटो शब्दमा स्व परिवर्तनबाट नै विश्व परिवर्तन भनिन्छ । चेतन आत्मा सहितको शरीरधारी मानवमात्र जगत्को कल्याण गर्न समर्थ छ र अन्य त्यही मानवको आश्रयमा पालिने वा मानवको आचरण अनुसारको प्रकृति वा वातावरण बन्ने कारण नै भगवान्को वचनरूपी गीता ज्ञान आजको तमोप्रधान संसार वा गरुडपुरण अनुसार कुम्भीपाक नरकलाई सतोप्रधान, सतो दुनियाँ बनाउन अत्यावश्क छ । अन्य उपायरूपी भक्तिका पूजा पाठ, दान, तीर्थाटन, व्रत, अनुष्ठान, भजन, कीर्तन आदिमात्र लोकोरञ्जनका लागि हुन्, गरुड पुराणको १६:७०औ श्लोक । ✺

........क्रमश:

✍ पद्मवी श्रेष्ठ, रत्ननगर, टाँडी
फोन नं : ९८४५१४२५२०

## केवल खुशी

केवल र केवल खुशीका लागि ।
जीवनमा आउने हर चुनौतीलाई स्वीकार गरियोस् ।
आफ्नो मनपर्ने कुरामा खर्च गरियोस् ।
यति हाँसौं, पेटै दुख्नपुगोस् ।
जति नराम्रै नाचे पनि, खुलरै नाचिदिऔं ।
त्यसै खुशीलाई महसुस गरौं ।
फोटोको लागि नि:संकोच पोज दिऔं ।
बिलकुल सानो बच्चाजस्तै ।
किनकि केवल मृत्यु जिन्दगीको सबैभन्दा अन्तिम होइन ।
अन्तिम त त्यो क्षण हो, जतिखेर जिन्दगी भएर पनि भित्र जिउने आशा खत्तम भएको हुन्छ ।
हरपल खुशीमा जिउनुलाई नै जिन्दगी भनिन्छ ।
जिन्दगी छोटो छ तर, हरपलमा खुशी छ, काममा खुशी छ । आराममा खुशी छ ।
आज पनीर छैन, दालमा नै खुशी छ ।
आज गाडि छैन, पैदलमा नै खुशी छ ।
साथीहरूको साथ छैन, एक्लो हुनुमा नै खुशी छ ।
आज कोही असन्तुष्ट छ, उसको यस असन्तुष्टीलाई विचार गरेर नै खुशी छ ।
जसलाई देख्न सक्दिनँ, उसको आवाज सुनेर नै खुशी छ ।
जसलाई पाउन सक्दिनँ, उसलाई याद गरेर नै खुशी छ ।
बितेको हिजो बित्यो, त्यसको मीठो यादमा नै खुशी छ ।
आउने भोलिका बारेमा थाहा छैन, त्यसको फर्खाइमा नै खुशी छ ।
हाँसेर समय बितिरहेको छ, आजै खुशी छ ।
जिन्दगी छोटो छ हरपलमा नै खुशी छ ।
यदि मन पर्‍यो भने 'हो' भन्नुहोला ।
नत्र बिना जबावमा नै खुशी छ ।

साभार : फेसबुक

# जीवन मूल्य– (१३) धैर्यता

आज मनुष्यको जिन्दगीमा धेरै भागदौड बढेको छ । हरेकको खुट्टामा स्वचालित पाङ्ग्रा लागेजस्तै भएको छ, यसको कारण हो हरेक व्यक्ति आफ्नो काम छिटोभन्दा छिटो गर्न चाहन्छ । घण्टौं लाग्ने काम एक मिनटमै निप्टाउन चाहन्छ । हरेक काम झटपट होस् । मनले चाहेको चीज फटाफट मिलोस् । मनको इच्छा पलभरमा पूरा होस् यही हरेकको चाहना हुन्छ । तर काम बनेन भने भयो निराश, चीज पाएन भने बन्यो उदास, मानौं अहिले बीज रोप्यो अहिले-अहिले फल पायो, तर के यो सम्भव होला ? कदापि हुँदैन । थोरै धैर्य त गर्नैपर्छ । विना धैर्यता मनको इच्छा कसरी पूरा होला ? भनिन्छ पनि– धैर्यताको फल मीठो हुन्छ । हतारमा बनेको काम पनि बिग्रन सक्छ । अत: कुनै पनि कार्यको सफलताका लागि धैर्यता धारण गर्नुमा नै भलाई छ । उत्ताउलोपन सफलता पाउनमा सबैभन्दा ठूलो बाधक बन्दछ ।

कार्य पूरा हुन्जेलसम्म त धैर्य गरौं । कुनै पनि कार्य असफल हुँदा निराश भएर हरेस नखाऔं । साहसको सहारा लिऔं । हिम्मतले काम लिऔं । याद राखौं, "हिम्मत गरियो भने मदत मिल्दछ" । लक्ष्य पूरा नहुँदासम्म नथाकिकन काम गरिराखौं । सफलता मिल्दासम्म पनि उमंग-उत्साह कायम राखौं । निराश वा संशयलाई त्यागिदियौ भने सम्झ सफलता भयो कि भयो, यो नै धैर्यता हो । कुनै पनि स्पर्धी वा सफलताको अभिलाशीका लागि धैर्यता शक्तिशाली कवच वा शस्त्रभन्दा कम हुँदैन । जसरी एक विशाल बाँधमा पानीको प्रचण्ड प्रवाहलाई पनि आ-आफ्ना बलिया खम्बारूपी शक्तिशाली हातहरूले बाँध्दछन् । यस्तै धैर्यता पनि शक्तिहरूलाई संचय गराउने गुप्त विशालकायी दिवार हो । अनेक असफलताहरूको सामना गर्नका लागि निरन्तर आन्तरिक शक्तिको आवश्यकता पर्दछ र जरुरी हुन्छ मनोबल वा आत्मविश्वासको जुन केवल धैर्यताका आधारमा नै पाउन सकिन्छ ।

सन्त एकनाथलाई एउटा उत्तराधिकारी शिष्यको चुनाव गर्नु थियो । सोच विचार गरेर उनले शिष्यलाई बोलाएर दिवार बनाउने काम दिए । जब दिवार केही बन्दथ्यो तब एकनाथ जी आउँथे र बनेको भागलाई भत्काउने आदेश दिन्थे । फेरि टुटेको दिवार बनाउने आज्ञा दिन्थे । यो सिलसिला केही दिनसम्म चलिरह्यो । गुरुको आज्ञालाई नबुझ्ने शिष्यहरू बिस्तारै-बिस्तारै दिक्क मान्दै गए र कामबाट किनारा लाग्न थाले । तर ती शिष्यहरूमा चित्रभानु नामको एकजना शिष्यले लगनका साथ गुरुको आज्ञालाई पालन गर्दै कार्यमा लागिरह्यो । पटक-पटक दिवार तोडिँदा पनि ऊ दिवार बनाउने कार्यबाट हटेन, न उसले कुनै शिकायत गरेर रिसायो नै । एक दिन एकनाथ ऊ भएको ठाउँमा आएर भने– तिम्रा सारा मित्रहरू त काम छोडेर भागे, तिमी किन गएनौ, तब चित्रभानुले भने– म गुरुको आज्ञाबाट कसरी हट्न सक्छु । जबसम्म हजुर मलाई मनाही गर्नुहुन्न तबसम्म म यो कार्य गरिरहन्छु । उसको उत्तर सुनेर एकनाथ जी अति प्रसन्न भए र भने– सर्वोच्च पदमा पुग्नका लागि पात्रताको आवश्यकता हुन्छ । जो पात्रता पाउनको लागि प्रयास गर्दैन वा थोरै प्रयास गरेर पछि हट्दछ ऊ पछि नै रहिरहन्छ । जीवनको सच्चा परीक्षा त धैर्यताको परीक्षा हुन्छ । परन्तु धैर्य गुमाएर व्यक्तिले हातमा आएको बाजीलाई पनि गुमाइदिन्छ ।

एक पटक कसैले भगवान्सँग सोध्यो– हे भगवान् मलाई धैर्यता दिनुहोला, एकैछिनमा फेरि भन्छ– तर मलाई छिटै चाहिएको छ । आजको आधुनिक जीवनशैलीका कारण कुनै चीजको पलभर पनि पर्खिनका लागि व्यक्तिमा धैर्यता छैन । यसबाट तनाव पनि पैदा हुन्छ र सफलता पनि कोसौं टाढा भइदिन्छ । अत: उत्ताउलो बनेर अपयशको भागी बन्नुको साटो धैर्य धारण गर्नुमा नै भलाइं छ ।

✍ ब्रह्माकुमार हेमन्त, शान्तिवन, आबूरोड

## विजया........

र राक्षस थियो । भगवान्को आराधना गरी शक्ति प्राप्त गरे पनि भगवान्का भक्तहरूमाथि अत्यताचार गर्दथ्यो । सबै विधामा निपुण भएर पनि गुणहीन, मूल्यहीन, चरित्रहीन थियो । रावण दशवटा टाउको भएको डरलाग्दो दानव थियो भन्ने सुनेका छौं । तर त्रिनेत्री, त्रिकालदर्शी, सर्वज्ञ, निराकार ज्योतिस्वरूप परमात्माले रावणको यथार्थता र शूक्ष्म रहस्यलाई खोलिदिनुभएको छ । वास्तवमा रावण एउटा पञ्चतत्त्वको कायाधारी मानवीय रूप नभई हर मानव मनभित्र रहेको आसुरी दानवीय स्वभाव संस्कारको प्रतीकात्मक रूप हो ।

रावण हर नर नारीमा रहेको पाँच विकार– काम, क्रोध, लोभ, मोह, अहंकारको प्रतीकमात्र हो । नरमा भएका पाँच र नारीमा भएका पाँच विकारको प्रतीक दश टाउको देखाइएको हो । पाँच भागमा तीन भाग पानी २ भाग जमिन नै एक प्रकारको टापु हो । लंका समान नै हो । आज यस विश्वमा भएका कोही पनि नर नारी यस पाँच विकारबाट मुक्त छैनन् । आफैंभित्र भएको यस रावणरूपी राक्षसले सबैलाई दु:खी, अशान्त र अप्रसन्न तुल्याएको छ । यही रावण नै वास्तवमा हामी सबैको महाशत्रु हो । त्यसैले त रावणको पुतला बनाएर निकालिन्छ, जलाइन्छ । जबसम्म हामी आफैंभित्र भएको यस रावणको अन्त्य गर्दैनौं तबसम्म हामी दु:खी नै रहनेछौं ।

आज संसारमा यसै विकाररूपी रावणको राज्य चलेको छ । जसले गर्दा मानसिकरूपमा सबै कङ्गाल र पतित बनेका छन् । मानव-मानवबीच क्रूरता, अनैतिकता, चरित्रहिनता, हिंसा, अपराध, तेरो-मेरोको भेद्भाव फैलिएको छ । त्यसैले रावण भनेको विकारहरूको प्रतीकमात्र हो । जसले अरूलाई रुवाउँछ, दु:ख दिन्छ, ऊ नै रावण हो । आत्माको दुर्बलताको प्रतीक नै रावण हो । रावण मनको मैलापनको प्रतीक हो । जसरी सुन-चाँदीमा परेको मैलापन हटाउन आगोमा तपाउनुपर्छ तब गहना चमक्दार बन्छ त्यस्तै आत्मामा रहेको रावणरूपी मैलापनलाई हटाउन सर्वशक्तिमान् परमात्मासँगको यादरूपी अग्निमा तप्नुपर्छ । जसरी डिस्चार्जड ब्याट्रीलाई चार्ज गर्न पावर हाउससँग कनेक्ट गर्नुपर्दछ त्यस्तै विकाररूपी रावणले डिस्चार्ज गरेको आत्मारूपी ब्याट्रीलाई चार्ज गर्न परमात्मारूपी पावर हाउससँग मन-बुद्धिको तार जोड्नुपर्छ । तब नै आत्मा सम्पूर्ण सतोप्रधान बन्दछ । कपडा र घाँस-भूसहरूबाट तयार गरिएको रावणको पुतला जलाउँदा केवल त्यही कपडा, घाँस-भूसमात्र जल्दछ बाँकी आत्माभित्र तिरोहित रावणरूपी विकार त जल्न सक्दैन । आत्माभित्र विद्यमान वास्तविक रावणलाई जलाउनको लागि मन-बुद्ध परमात्मामा लगाउनुपर्दछ । किनकि आज विकाररूपी रावणले सबैलाई रुवाएको छ । त्यसैले अब विकारमाथि विजय प्राप्त गरेर वास्तविक विजया दशमी मनाउनु छ । विकारमाथि विजय प्राप्त गर्न सबैभन्दा पहिला दिव्य गुणहरूलाई जीवनमा धारण गर्दै जानु छ । हामीले घटस्थापनामा बीजारोपण गरेको जमरा फूलपाती विजया दशमीको दिनमा लगाउँछौं । वास्तवमा दिव्य गुणहरूको बीजारोपण गरी अवगुणरूपी रावणको अन्त्य गरी विजय उत्सवको रूपमा गुणरूपी जमरा लगाउनु पर्ने रहेछ । रावणको अन्त्य भएको, खुशी र विजय प्राप्त गरेको हर्षोल्लासको साथमा विजय उत्सवको रूपमा टीका लगाएर विजया दशमी मनाउनुपर्ने रहेछ ।

यसरी परमात्माले हामी सबैलाई वर्तमान समयमा यस धर्तीमा अवतरित भई समस्त मानव मनको मनोविकाररूपी रावणसँग विजय प्राप्त गराएर २१ जन्मसम्म सुखमय संसारको प्रारब्ध दिलाउँदै हुनुहुन्छ । त्यसको लागि भगवान्ले हामीलाई ज्ञान र योगको माध्यमबाट निर्विकारी, १६ कला सम्पूर्ण बनाउँदै हुनुहुन्छ । निर्विकारी एवम् दिव्य गुणबाट भरपूर बन्नका लागि विकारको त्याग गर्नुपर्छ । त्यसको लागि भगवान्ले हामीलाई विभिन्न शक्तिहरूबाट सुशोभित गराउनुभएको छ । ती शक्तिलाई धारण गरेर हामी नै अष्टशक्तिधारी देवी र देवता बन्न पुग्दछौं । यिनै शक्तिहरूलाई धारण गरी आसुरी संस्कार स्वभावमाथि विजय प्राप्त गर्नेवाला, दुर्गुणलाई समाप्त गर्ने वाला दुर्गा, शीतला, सन्तोषी, विभिन्न गुणलाई धारण गर्ने शक्तिको प्रतीकको रूपमा नवरात्रीमा नवदुर्गाको पुजन र महिमा गरिन्छ ।

अत: आफूभित्रका रावणीय प्रवृत्ति, रावणीय व्यवहार, रावणीय संस्कारहरूलाई परमात्माको यादरूपी अग्निमा भस्म गरौं । रावणको जेलबाट मुक्त बनौं अनि बनाऔं । विजया दशमी अर्थात् दश विकारमाथि विजय प्राप्त गरेको शुभ मुहूर्त, शुभ समय हो । विकारमाथि विजय प्राप्त गरी रावण र रावणको सम्पूर्ण राज्यको अन्त्य गर्दै रामराज्य बनाउनु नै साँचो विजया दशमी वा बडा दशैं मनाएको सार्थकता हुनेछ ।

अन्त्यमा हामी सबैको महत्त्वपूर्ण पर्व विजया दशमीको सुअवरमा सम्पूर्ण पाठकवृन्द तथा प्रभू प्रेमी समस्त आत्माहरूलाई आध्यात्मिक उन्नति, प्रगति एवम् दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्न चाहन्छौं ।

# हर घर लंका, हर जन रावण कहाँबाट ल्याऊँ यति धेरै राम ?

✍ ब्रह्माकुमार रामलखन आबु

पूर्वीय सभ्यता र संस्कृतिलाई प्राचीनतम भनिएको छ । विविध विशेषताहरूका कारण नै यहाँको सनातन सभ्यताप्रति मानिसहरू उच्च धारण राख्दछन् । यहाँको गौरवमय गरिमा र उत्साहले भरिएको चाड पर्वमा घुल मुलिएर बस्न सबै लालायित हुन्छन् । अतिथि देवता र अहिंसा परमोधर्मजस्ता त्याग, तपस्या, सेवाको धारणा हुने भएकाले नै त संसारका नर-नारी यस धरालाई स्वर्ग मान्ने गर्दछन् । यहाँका चाडपर्व आध्यात्मिकताले भरपूर हुन्छन् जसले सबैको दिल दिमागलाई आनन्दले भरिदिन्छन् । सत्ययुगी हर्षोल्लास र सौहार्दको यादगार यहाँ आज पनि मेला, हाट, बजार र सांस्कृतिक आयोजनाहरूका रूपमा देखिन्छन् । विभिन्न प्रकारका ललित कलाहरूको मृदुल तरङ्गहरूले यहाँको वातावरणमा मुस्कान भरिदिन्छन् । नवरात्रि दशैं दीपावली यहाँ प्रमुख पर्वका रूपमा मनाइन्छन् ।

## शक्ति शान्ति दायिनी माता नवदुर्गा

सुखदायी वर्षा ऋतुपछि पुरुषहरूद्वारा श्रद्धापूर्वक पितृ पक्ष मनाइन्छ । त्यसपछि नै महिलाहरूले व्रत नियम उपवास आदिद्वारा अपूर्व निष्ठापूर्वक नवरात्रि मनाउँछन् । सृष्टिको सृजनहार शिवपिता महिलाद्वारा नै आदि सनातन देवी देवताहरूको संस्कृतिको स्थापना गराइरहनुभएको छ, जसको फलस्वरूप भक्तिमा शिव शक्तिको धुमधामसँग पूजा अर्चना गरिन्छ । दैवी-संस्कारलाई धारण गर्नेवाला ब्रह्माकुमारीहरूले नै आसुरी वृत्तिहरूलाई मेटाएर दिव्य गुणहरूले मानवको श्रृंगार गरेका थिए, जसको यादगार स्वरूप आज पनि दुर्गुणलाई मेटाउनेवाली माता दुर्गा, ज्ञान-धन लुटाउने माता लक्ष्मी, विकराल विकारलाई भगाउने माता काली र सबै मनोकामना पूर्ण गर्ने अम्बा यी देवीहरूको माताको रूपमा पूजा गरिरहिएको छ । यी देवीहरू हिंस्रक हतियार बोक्नेवाला होइनन्, बरु ज्ञान, गुण र दिव्य शक्तिहरूले सुसज्जित स्वर्ग बनाउने सच्चा माताहरू हुन् ।

## नवरात्रिमा नवधा भक्ति

ब्रह्माकुमारी जगदम्बा सरस्वतीलाई नै नवरात्रिका नौ दिनसम्म विभिन्न गुणवाचक नामले पुजिन्छ । पहिलो दिन पार्वती र शैलपुत्रीको नामले, दोस्रो दिन ब्रह्मचारिणी त तेस्रो दिन उनलाई चन्द्रघण्टा र चौथो दिन कुष्माण्डाको नामले पूजा गरिन्छ । मधुर मुस्कानद्वारा ब्रह्माण्डलाई नै सुख शान्तिमय बनाएकी भएकाले उनलाई कुष्माण्डा भनिएको हो । कुमार कार्तिकेयकी माताको रूपमा पाँचौं दिन स्कन्द माता र महर्षि कात्यायनको आश्रममा देवताहरूको कार्य हेतु प्रकट भएकी हुनाले उनलाई छैठौं दिन कात्यायनीका रूपमा पुजिन्छ । सातौं दिन कालरात्रिलाई आठ वर्षीय कन्याको रूपमा पुजिन्छ । आठौं दिन पति रूपमा परम साजन शिवलाई नै स्वीकार गरेका कारण महागौरीका रूपमा पूजिन्छ भने ९औं दिन उनलाई नै सिद्धिदायिनीको रूपमा पुजिन्छ । ब्रह्माकुमारीहरू सधैं आध्यात्मिक शक्तिहरूले सजिइरहने कारण यादगार स्वरूप उनीहरूको मूर्ति बनाइन्छ त कहीं चैतन्य झाँकी निकालिन्छ । यिनै शिव शक्तिहरू अहिले अध्यात्मद्वारा सजिएर शिवशक्ति पाण्डव सेनाको अग्रणी सेनानीका रूपमा सर्वगुणका मूर्ति बनी सारा संसारमा शिव ध्वज फैलाइरहेका छन् ।

## दशैंको महानता

इतिहासकारका अनुसार पश्चिम एसियामा २,२०० साल पहिले देखि नै दशैं मनाइरहिएको छ । चौध सय वर्ष पहिले मोहम्मदद्वारा मूर्तिहरूलाई हटाएइपछि पनि मक्का नजिकै दशहरा भगवान् रामको मूर्ति पाइएको थियो । यहाँ ब्राह्मणहरू मुस्लिम बनेपछि पनि दशहराको नै सेवक मान्दछन् । तुर्कमानियाँ गेटमा स्पष्ट शब्दमा लेखिएको छ– यो स्थान दशहरा भगवान्को सम्पत्ति हो । क्रिसमस डेलाई पनि दशहराको नै यादगार मानिन्थ्यो, तर पछि गएर त्यसलाई इसाइ धर्मका प्रमुखताका कारण ईसा मसीहको जन्मदिनको रूपमा मनाउन थालियो । पहिले पहिले सबै धर्मवलम्बीहरू विकाररूपी खराबीलाई हटाउने यादगार पर्व दशहरा बनाउँथे, तर चल्दै जाँदा हिन्दुहरूले १० टाउका भएको रावणमाथि भगवान् श्रीरामको विजयको रूपमा बनाउन थाले । दशहरा रावणको दश शिरको वधको रूपमा मनाइन्छ, हुन त दुई पाउमाथि दश शिरको शरीर असम्भव नै लाग्दछ । दश मुख, बीस आँखा र कान भएको व्यक्तिको कार्य व्यवहार हुनै सक्दैन । एउटा मुख भएको सिंहलाई पञ्चानन भनिन्छ, किनकि त्यो खुंखार हुन्छ । यसरी नै दशानन अर्थात् नर-नारीमा लुकेका पाँच विकारले महावैरीले जस्तै रुहाइरहन्छन् । समर्थ आत्माहरूले नै अहिले पुरुषोत्तम संगमको समय परमात्माको सहयोगद्वारा विजयी बन्छन् । काम, क्रोध, लोभ, मोह, अहंकार, ईर्ष्या, द्वेष, आलस्य, छल र हठजस्ता तामसी वृत्ति भएका मानिसलाई नै असुर भनिन्छ । कलियुगी मानव विकारको वशीभूत भएर नै कर्म गरिरहेका छन्, यसैले त भनिन्छ–

## आवाहन

जाग्दा कहाँ कहाँ पुग्छु, हुन्छु म अति चञ्चल
शरीरभित्र भै आफ्नो सेवा गरौं म निश्चल
बाल यौवन वार्द्धक्य बेगवान यही मन
स्थिर संयममा राखी पारूँ सुदृढ सम्बल ।

स्वच्छन्द नबनूँ कैल्यै छन्दमा चलूँ सत्त्वर
शुभ संकल्पले आफ्नो बनोस् चित्त समुज्ज्वल
सारथी बनूँ म आफ्नै मनको रथमा चढी
शिवको महिमा गाऊँ, चढाऊँ शिवमै जल ।

सर्वका पिता ए ईश ! आवाहन गरूँ म यो
जिन्दगीमै बनोस् सुन्दर मेरो त्यो स्वर्गको स्थल ।

✍ कपिल अज्ञात, भरतपुर

**'हर घर लंका, सब जन रावण, यति धेरै राम कहाँबाट ल्याऊ ?'**

कमल समान उपरामताको कारणले नै देवी-देवता पूजनीय र वन्दनीय हुन्छन् । आज पनि उनीहरूका मन्दिरमा कसैले गल्ती गऱ्यो भने त्यस देवालयमा पूजा हुँदैन । दु:ख दिनेवाला दशै विकारले नै आत्मामा युद्ध गरिरहन्छ । अहिले परमात्मासँग सर्व सम्बन्धको अनुभूतिद्वारा मोहग्रस्त गर्ने महाबली विकारहरूलाई भगाएर धरामा रामराज्य ल्याउने माध्यमले पुरुषार्थ गरिरहिएको छ । रावणको पुतला जलाउनुको साटो आत्म-ज्योति जगाएर धरालाई स्वर्ग बनाउने प्रयास गर्नुपर्दछ ।

## प्रवृत्तिमा पवित्रता

दैवी संस्कृतिको पवित्र प्रवृत्तिका लागि ज्ञान योगको धनुष धारण गरेर धराबाट अज्ञानरूपी अन्धकारलाई भगाउन आवश्यक छ । दीपलाई जलाउनुको साटो आत्माको ज्योति जगाउनाले नै प्रवृत्तिमा पवित्रताको सुगन्ध आउनेछ । दीपावलीको नाममा सफाइ हुन्छ,, कीरा फटेंग्रा मर्दछन्, तर घर तब नै खुशीले सम्पन्न बन्छ जब अन्तर्मन सदा स्वच्छ रहन्छ । कसैलाई दु:ख दिने वृत्ति बन्दै नबनोस् । हर दीपावलीमा मानिसहरू गला लगाउँछन्, मीठाइहरू बाँढ्दछन् तर दिलको दूरी नरहोस्, मुखबाट मीठो बोली नै निस्कियोस्, आत्मिक रूपले एकसँग एकै परमात्माको सन्तान भाइ-भाइको वृत्ति बनिरहोस्, तब नै धरामा सच्चा दीपावली आउनेछ । दीपावलीमा श्रीरामको राज्याभिषेक र श्री लक्ष्मीको पूजनले यो दर्शाउँछ कि स्वर्गमा रामराज्य थियो तब रावणी वृत्ति एवं विकारको नामोनिसान थिएन । चाड पर्वमा विजुली बत्ती बाल्ने काम त धेरै हुन्छ तर वास्तविक अँध्यारो त तब मेटिन्छ जब आध्यात्मिकताको आलोकलाई बढाइन्छ । दीपावलीमा अरबौं रूपयाँ खर्च गरेर पनि मानिस दु:खको दलदलमा फँसिइ नै रहेका छन् । विकारहरूमाथि विजय प्राप्त गरेपछि मात्रै विश्व बन्धुत्वको लहर आउनेछ । सतत साधनाद्वारा आध्यात्मिक दृष्टि, वृत्ति, कृति र स्मृतिका आधारमा स्वर्णिम संसार बनाउनु छ । ❋



**धादिङ** : धादिङ हस्पिटलमा बिरामीहरूलाई रक्षाबन्धन बाँध्नुहुँदै ब्रह्माकुमारी नन्दा दिदी, साथमा समाजसेवी कल्पना अधिकारी ।



**गीतानगर** : इन्स्पेक्टर भूपालसिंह रानालाई रक्षाबन्धनपश्चात् ईश्वरीय उपहार प्रदान गर्नुहुँदै ब्रह्माकुमारी सुवर्ण ।



**टाँडी** : रक्षाबन्धन कार्यक्रमपश्चात् ग्रुप फोटोमा ब्र.कु. शर्मिला, सपोर्ट एण्ड केयर रिहाविलिटेसन, टिकौलीका संयोजक सुरेन्द्र गुरुङ तथा अन्य ।



**भरतपुर** : सुधारगृहमा रक्षाबन्धन बाँध्नुहुँदै ब्रह्माकुमारी गंगा ।



**कावासोती** : पूर्व सभासद् रोसन बहादुर घा मगरलाई रक्षाबन्धन बाँध्नुहुँदै ब्र.कु. जमुना ।



**सीमरा** : रक्षाबन्धनपश्चात् पथलैयाका बाहिनी पति बाबुराम पाण्डे, ब्र.कु. मधु तथा अन्य ।



**रहजर** : सर्वेश्वर शिवालय आश्रमका पीठाधीश बाल ब्रह्मचारी श्री १००८ स्वामी रामानन्द गिरी महाराजलाई रक्षाबन्धन बाँध्नुहुँदै ब्र.कु. सरस्वती ।



**हर्कपुर** : सहकारी डिभिजन कार्यालय चितवनका अधिकृत पुण्यप्रसाद पौडेललाई राखी बाँध्नुहुँदै ब्रह्माकुमारी उमा ।



**यज्ञपुरी, भरतपुर** : क्यान्सर अस्पतालमा बिरामीहरूलाई रक्षाबन्धनपश्चात् ब्र.कु. सुनिता, ब्र.कु. सन्ध्या, डाइरेक्टर सी.बी. पुन तथा अन्य ।



**गाईघाट, उदयपुर** : सुधार गृहमा रक्षाबन्धनपश्चात् समूहचित्रमा ब्रह्माकुमारी ललिता, ब्र.कु. मदन तथा अन्य ।



**गजुरी** : रक्षाबन्धन कार्यक्रममा दीप प्रज्ज्वलन गर्नुहुँदै देवीदत्त गणका गणपति भरत बूढाथोकी, ब्रह्माकुमारी जमुना तथा अन्य ।



**हेटौंडा** : दिव्य सेवा निकेतन वृद्धाश्रममा बुवा आमालाई रक्षाबन्धनपश्चात् ग्रुप फोटोमा ब्रह्माकुमारी विष्णु तथा अन्य ।



**मलेखु** : भद्रकाली संस्कृत वेद विद्याश्रममा रक्षाबन्धनपश्चात् समूहमा प्राचार्य विश्वजित भट्टराई, ब्र.कु. जया तथा अन्य ।



**शरदपुर, चितवन** : SOS भिलेजमा भाइ बहिनीलाई रक्षाबन्धनपश्चात् ग्रुपमा बह्माकुमारी मीना तथा अन्य ।



**आनन्दपुर, भरतपुर** : बालबालिकाका लागि प्रहरी नागरिक अभियान(P2C2)मा राखीपश्चात् समूहमा अध्यक्ष बेल ब. गुरुङ, ब्र.कु. सरिता, ब्र.कु. अर्जुन तथा अन्य ।




**देवघाट** : NRN एवम् रोटरी करुणालय वृद्धाश्रममा रक्षाबन्धन बाँध्नुहुँदै ब्रह्माकुमारी अम्बिका साथमा ब्र.कु. अञ्जु, ब्र.कु. विना तथा अन्य ।

प्रापक :

संरक्षक : निर्देशक ब्रह्माकुमारी राजदिदी ❋ सल्लाहकार : ब्रह्माकुमार रामसिंह ऐर ❋ प्रधान सम्पादक : ब्रह्माकुमार अर्जुन श्रेष्ठ ❋ सम्पादक : ब्रह्माकुमार विजयराज सिग्देल ❋ सह-सम्पादक : ब्रह्माकुमार भागवत नेपाल ❋ प्रकाशक : ब्रह्माकुमारी राजयोग सेवा केन्द्र, ॐ शान्ति भवन, नारायणगढ, चितवन । फोन : ०५६-५२०५४७, वार्षिक शुल्क : रु १२५ । E-mail : gyanjyoti.monthly@gmail.com, www.brahmakumaris.com ❋ मुद्रक : मल्टि ग्राफिक प्रा. लि., बाफल, काठमाण्डौ ।